जलेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जलेश्वर, महोत्तरी

मधेश प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**पून म्याद थप गरि विज्ञापन गरिएको सम्बन्धमा ।**

**मिति २०८१/१२/२९ गते**

जलेश्वर नगरपालिका कार्यपालिकाको मिति २०८१/०६/०२ गतेको निर्णय अनुसार जलेश्वर नगरपालिका मार्फत संचालनमा रहेको सामी कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको पदमा सेवा करारमा पदपूर्ति गर्न पहिलो पटक मिति २०८१/०७/१२ मा १५ दिने तथा पून मिति २०८१/११/०८ गतेमा ७ दिने विज्ञापन सम्बन्धि सूचना प्रकाशित गरिएकोमा कुनै पनि उम्मेदवारको दरखास्त प्राप्त नभएकोले शैक्षिक योग्यता पुगेको ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ५ दिन (विदा दिन बाहेक) भित्र यस कार्यालयको राजश्व शाखावाट उपलब्ध दरखास्त आवेदन रितपूर्वक भरी राजश्व तिरेको रसिद सहित यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सवैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं | पद | माग सख्या | कार्यक्षेत्र/ कार्यक्रम | आवश्यक न्यूनतम योग्यता र अनुभव |
|---|---|---|---|---|
| ७/०८१/०८२ | जिल्ला कार्यक्रम संयोजक/ अधिकृत छैठौं | १ (एक) | सामी कार्यक्रम | मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धितअन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरि ५ वर्षको कार्य अनुभव, कम्तीमा २ बर्ष अधिकृत स्तरमा कार्य गरेको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको लाई प्राथमिकता दिईनेछ । कम्प्यूटर सम्बन्धी ६ महिने तालिम प्राप्त गरेको । |

**१. उमेर :-** अधिकृत तहमा पूरुषको २१ वर्ष पुरा भई ३५ वर्ष र महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**३. दरखास्त दिने स्थान** :- जलेश्वर नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।

**४. दरखास्त दिने अन्तिम मिति** :- २०८२/०१/०४ गते सम्म कार्यालय समय भित्र ।

**५. आवेदन दस्तुर** :- प्रत्येक विज्ञापनको लागि अधिकृत तहमा रु. ५००।-

**६. छनौटको किसिम** :- सर्टलिष्ट, लिखित तथा अन्तर्वार्ता परीक्षा ।

**७. आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नागरिकता प्रमाण पत्र र न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्र ।
- अनुभव खुल्ने कागजात र तालिम सम्बन्धि प्रमाणपत्र तथा २ प्रति पासपोर्ट आकारको फोटो ।

**८. सेवा सुविधा -** नगरपालिकाको निर्णय अनुसार करार सम्झौता बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

जय कुमार साह

प्रमुख प्रशासकिय अधिकृत